Received Date : Oct. 2023 Revised : Nov. 2023 Accepted : Dec. 2023

# नेपालको प्रजातान्त्रिक आन्दोलनका योद्धा राधाकृष्ण थारु र संसदमा उनको योगदान

**जगत नेपाल**
उप-प्राध्यापक, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं ।
इमेलः jagatnepal@gmail.com
**डोलराज काफ्ले, पीएच.डी.**
सह-प्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रि.वि. काठमाडौं ।
इमेलः kafledol@gmail.com
**राजेन्द्रप्रसाद धिताल**
उप-प्राध्यापक, मध्यपश्चिम विश्वविद्यालय ।
इमेलः rajendraprddhital@gmail.com
**अतुल कोइराला**
सदस्य सचिव, शुशील कोइराला मेमोरियल फाउण्डेशन ।
इमेलः atulkoirala@gmail.com
*Doi: https://doi.org/10.3126/hisan.v9i1.64023*

**सारसंक्षेप**

*प्रस्तुत अध्ययन नेपालको प्रजातान्त्रिक आन्दोलनका योद्धा राधाकृष्ण थारु र उनको योगदानका विषयमा आधारित रहेको छ । राणा शासनकालदेखि नै गरिव किसानहरूका पक्षमा संघर्ष गर्दै उनीहरूको जीवन निर्वाह हुनसक्ने जग्गाजमिन उपलब्ध गराएर सर्वसाधारण किसानका आधारभूत अधिकार स्थापित गर्न सफल भएका थिए । उनी वि.सं.२००७ सालमा मुक्ति सेनाले प्रजातन्त्र स्थापनाका लागि गरेको क्रान्तिमा बाँके-बर्दिया क्षेत्रमा रहेको मोर्चामा सहभागी भएर युद्ध लडेका थिए । वि.सं.२०१५ सालमा भएको पहिलो संसदीय निर्वाचनमा अत्याधिक बहुमत प्राप्त गरी विजयी भएपछि उनले जमिन्दारहरूको शोषण र अन्याय अत्याचारका विरुद्ध पीडित किसानका आवाज संसदमा बुलन्द पारेका थिए । उनले संसदमा क्रान्तिकारी भूमिसुधार, बिर्ता उन्मूलन जस्ता विषयमा आफ्ना गहकिला विचार प्रस्तुत गरी जनताको आवाज स्थापित गर्ने प्रयास गरेका थिए । तत्कालीन समयमा नेपाली कांग्रेसको केन्द्रीय सदस्य रहेका थारुले किसानको अधिकारका पक्षमा जीवन प्रर्यन्त संघर्ष गरिनै रहे । राजा महेन्द्रले वि.सं.२०१७ साल पौष १ गते नेपालकै प्रथम निर्वाचित सरकारलाई अपदस्त गरी संसद विघटन गरेपछि उनी भारत प्रवासमा रहेर पार्टीले सञ्चालन गरेको शसस्त्र क्रान्ति सफल पार्न सक्रिय रहेका थिए । वि.सं.२०२५ सालमा राजाबाट आममाफी पाएर स्वदेश फर्किएपछि निरन्तर प्रजातन्त्र र किसानका अधिकारका पक्षमा आवान बुलन्द पार्दै आएका थारुले वि.सं.२०४५ सालसम्म नेपाली कांग्रेस बर्दिया जिल्लाको जिल्ला सभापति भएर काम गरेका थिए । यस अध्यनको उद्देश्य जीवनभर निरन्तर समाजसेवामा समर्पित राधाकृष्ण थारुले जनताका पक्षमा गरेका कार्य र नेपालको पहिलो निर्वाचित संसदमा खेलेको भूमिका बारे खोजी गर्नु रहेको छ ।*

***मुख्य शब्दावली*** **:** प्रजातान्त्रिक आन्दोलन, प्रजातन्त्रका योद्धा, थारु समुदाय, आम निर्वाचन र जनप्रतिनिधि ।

## परिचय

नेपालको प्रजातान्त्रिक आन्दोलनका योद्धा राधाकृष्ण थारु वि.सं.२०१५ सालमा भएको मुलुकको पहिलो आम निर्वाचनमा वर्दिया जिल्लाबाट निर्वाचित सांसद हुन् । राणाकालदेखि नै गरिव किसानहरूको अधिकारका पक्षमा लड्दै आएका थारु समाजसेवामा स्थापित भएपछि राजनीतिमा समावेस हुँदै गएका व्यक्ति थिए (श्रेष्ठ, २०५२ : ३१) । उनी वि.स.१९६५ सालमा बर्दिया जिल्लाको साविक गुलरिया गाउँपञ्चायत वडा नं ५ कोठियागाउँको एउटा सम्पन्न किसान परिवारमा जन्मिए थिए । सम्पन्न परिवारमा जन्मेर पनि उनले विभिन्न कष्टहरू सहेर प्रजातन्त्र र जनअधिकारका लागि जीवन प्रयन्त निष्ठा र आदर्शको राजनीतिमा अडिक रहे (थारु : २०७८ जेठ २६) । तत्कालीन समयमा गरिव किसानमाथि जमिन्दारहरूबाट हुँदै आएको अत्याचारको विरोधमा शसक्त ढङ्गले उभिएकाले नै उनी किसानका लोकपृय नेता बन्न पुगेका थिए । राणा शासनकालको उत्तरार्धतिर समाजसेवामा समर्पित रहँदै भएका थारु तत्कालीन समयको शक्तिशाली राजनीतिक दल नेपाली कांग्रेसको सदस्य भएर वि.सं.२००७ सालको क्रान्तिमा सहभागी बनेका थिए । प्रजातन्त्र स्थापनापछि उनी नेपाली कांग्रेसको केन्द्रीय सदस्य बन्न सफल भए । वि.सं.२०१५ सालको पहिलो आम निर्वाचनमा बर्दियाको क्षेत्र नं ६४ बाट विजयी भएपछि संसदबाट जमिन्दारी प्रथाको अन्त्य र भूमिसुधार कार्यक्रम घोषणा गराउन आवाज बुलन्द पारेका थिए । वि.सं.२०१७ साल पौष १ गते राजा महेन्द्रले निर्वाचित संसद र सरकार भङ्ग गरेपछि उनी भारतमा शरणार्थीका रुपमा रहन पुगे । वि.सं.२०२५ सालमा राजाबाट आममाफी पाएर स्वदेश फर्किएपछि उनी आजीवन मुलुकमा प्रजातन्त्र स्थापनाका लागि संघर्षरत रहे । यस अध्ययनको उद्देश्य नेपालको प्रजातान्त्रिक आन्दोलन र पहिलो संसदमा राधाकृष्ण थारुले खेलेको भूमिकाकासंग सम्बन्धित विषयवस्तुको खोज र अध्ययन गर्नु रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । अध्ययनमा प्राथमिक र सहायक दुवै प्रकारका स्रोतहरू उपयोग गरिएको छ । स्रोत सङ्कलनका क्रममा संसदको भर्बेटियम, संसदका प्रकाशनहरू, विभिन्न विज्ञ व्यक्तिहरूसँग अन्तवार्ता, पत्रपत्रिकामा प्रकाशित लेखरचनाहरूलाई आधार मानिएको छ । प्राथमिक स्रोत सङ्कलन गर्दा उद्देश्यमूलक अन्तरवार्ता विधि अपनाइएको छ । यसरी सङ्कलन गरिएका स्रोतका आधारमा लेख तयार पार्दा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

## प्राप्ति र विश्लेषण

अध्ययनका क्रममा प्राप्त स्रोतहरूलाई आधार मानी गरिएको अनुसन्धान र त्यसबाट प्राप्त निष्कर्ष क्रमिक रुपले यस लेखमा मिलाएर प्रस्तुत गरिएको छ ।

## कृषकका पक्षमा आन्दोलन

राधाकृष्ण थारु जन्मेको समयमा नेपालमा राणा शासन चलिरहेको थियो भने भारतमा अङ्ग्रेज विरुद्ध महात्मा गान्धीको नेतृत्वमा स्वतन्त्रता आन्दोलन चलिरहेको थियो । त्यो समयमा नेपालमा सर्वसाधारण जनताका छोराछोरीहरूले अध्ययन गर्न पाउने स्कूल कलेजको व्यवस्था थिएन । केही धनीमानी परिवारका मानिसहरूले मात्र घरमै शिक्षक राखेर छोराछोरीहरूलाई अक्षर सिकाउने गर्दथे भने सामान्य परिवारका मानिसहरू निरक्षर नै रहन्थे । नेपालको तराई र सीमा क्षेत्रमा पनि भारतीय शिक्षकहरूलाई घरमै बोलाएर केही धनीमानी परिवारका मानिसहरूले आफ्ना छोराछोरीहरूलाई शिक्षा दिने गर्दथे । त्यहीअनुरुप राधाकृष्ण थारुको परिवार पनि निकै धनी भएका कारण उनको घरमा भारतीय शिक्षक राखेर शिक्षा दिने गरिएको थियो । घरमा समान्य पढ्नलेख्न जान्ने भएपछि उनलाई भारतको बहराइच स्थित महाराजसिंह मिडिल स्कूलमा भर्ना

गरिएको थियो । राधाकृष्ण थारुले भारतको बहराइचमा स्कूले जीवन विताइरहेका बेला कम्पनी सरकारका विरुद्ध भारतमा जारी स्वतन्त्रता आन्दोलनको नेतृत्व महात्मा गान्धी, जवाहलाल नेहरू, डा.राजेन्द्रप्रसाद आदिले गरिरहेका थिए । त्यस्ता भारतीय नेताहरूका क्रान्तिकारी अभिव्यक्तिबाट प्रभावित भएर राधाकृष्ण थारु पनि २२ वर्षको उमेरदेखि नै भारतीय स्वतन्त्रता आन्दोलनमा सहभागी भएका थिए ।

राधाकृष्ण थारुसँगको कुराकानीका आधारमा उनका भतिजा सोमप्रसाद थारु आफ्नो अप्रकाशित डायरीमा लेख्छन् -ःभारतीय स्वतन्त्रता आन्दोलनमा उनी आफै सहभागी भएका थिए । राधाकृष्ण थारुको कामबाट प्रभावित भएर भारतीय कांग्रेसका नेता जवाहलाल नेहरू (स्वतन्त्रत भारतका प्रथम प्रधानमन्त्री) ले उनलाई भारतीय नागरिक भएर कुनै पनि क्षेत्रमा चुनाव लड्न भनेका थिए । राधाकष्णले त्यो प्रस्ताव स्वीकार गरेनन् । नेपालमा राणा शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापनाका गरेर गरिव किसानमाथि जमिन्दारहरूले गरेको शोषण र अत्याचारको अन्त्य गर्न सहयोग गर्न उनले नेहरूलाई आग्रह गरेका थिए (सोमप्रसाद थारुले राधाकृष्ण थारुसँग वि.सं.२०४२ साल फल्गुण १४ गते लिएको अप्रकाशित अन्तरवार्ताका आधारमा) ।

भारतीय स्वतन्त्रता आन्दोलनमा सहभागी हुँदा राधाकृष्ण थारुलाई प्रजातन्त्र, स्वतन्त्रता र मानवअधिकारका विषयमा अध्ययन गर्न र जानकारी लिन सजिलो भएको थियो । जङ्गबहादुर राणाले अङ्ग्रेज सरकारबाट उपहारका रुपमा प्राप्त गरेको नयाँमुलुक भनेर चिनिने बाँके, बर्दिया, कैलाली र कञ्चनपुर क्षेत्रलाई अन्य राणा शासकहरूले समेत आफ्नो पेवा ठान्दै आएका थिए । राणा शासनकालको अन्त्यसम्म पनि बर्दिया जिल्लाका धेरैजसो जमिनमाथि राणा र अभिजात्य वर्गको अधिकार कायम रहँदै आएको थियो । त्यो समयमा राणा, पहाडी र मधेशी जमिन्दारहरूले किसानहरूमाथि चरम शोषण, दमन र अत्याचार गरिरहेका थिए । बेठवेगारीका नाममा गरिव किसानहरूले धनीमानीको घर तथा खेतबारीमा विनाज्याला काम गर्न बाध्य हुँदै आएका थिए ( सोमप्रसाद थारुले राधाकृष्ण थारुसँग वि.सं.२०४२ साल फल्गुण १४ गते लिएको अप्रकाशित अन्तरवार्ताका आधारमा) । दिनरात श्रम र पसिना बगाएर उब्जनी गर्ने किसानहरूले पेटभरी खान पाउदैनथे । त्यही घटनाका प्रत्यक्ष दर्शी राधाकृष्ण थारुमा शोषित, पीडित किसानहरूको न्यायका लागि संघर्ष गर्नुपर्छ भन्ने भावना विकसित भएको थियो ।

वि.सं.२००३ सालमा नेपाली राष्ट्रिय कांग्रेसको स्थापना हुनु अघि नै राधाकृष्ण थारुले पश्चिम नेपालको गाउँगाउँमा राणा बिरोधी आन्दोलनको विजारोपण गरिसकेका थिए । उनको क्रान्तिकारी स्वभावको विकास 'रैतीहरूका लागि जग्गा' भन्ने विषयबाट भएको थियो (थारु : २०७८ जेठ २६) । बि.सं.२००१ सालमा बर्दियाको मैनापोखर भन्ने स्थानमा उनकै पहलमा एक सम्मेलनको अचायोजना गरिएको थियो । त्यहीँ उनले आफूलाई शाकाहारी (भगत) घोषणा गर्दै किसानलाई जग्गा जमीनको वास्तविक मालिक बनाउने अभियानको पनि घोषणा गरेका थिए (पहुरा, २०७७ मङ्सिर २५) । त्यो समयमा राधाकृष्ण थारुको नेतृत्वमा किसानहरूको हस्ताक्षर सङ्कलन गरी राणा प्रधानमन्त्री पद्मशमशेरलाई विन्तिपत्र चढाएका थिए । उक्त बिन्तिपत्रमा किसानलाई जग्गाको मालिक बनाउनु पर्ने, उनीहरूमाथि भैरहेको अत्याचार हटाउनु पर्ने जस्ता कुराहरू उल्लेख गरिएको थियो । बिन्तिपत्र चढाएर काठमाडौंको विशालनगरस्थित पद्मशमशेरको दरवारबाट फर्किएका राधाकृष्ण थारु र उनका सहपाठीहरूलाई सरकारले काठमाडौंको भुरुङखेल स्थित डिट्ठा भद्रमान चित्रकारको घरबाट पक्राउ गरेको थियो (श्रेष्ठ, २०५२ : १६) । त्यो समयसम्म पनि राजनीतिमा सहभागी नभएका थारुलाई राणा सरकारले कांग्रेस पार्टीका सहस्य हुनसक्ने अनुमान गरेर पक्राउ गरेको थियो ।

राणा विरुद्ध जनता भड्काएको र कांग्रेसका लागि काम गरेको अभियोगमा पक्राउ परेका राधाकृष्ण थारु र उनका सहयोगीहरूलाई प्रधानमन्त्री पद्शमशेर समक्ष उपस्थित गराइएको थियो । आफू व्यवस्था विरोधी नभएको र थारु रैतीहरूलाई जग्गाजमिन दिनुपर्ने भनी विन्ती गर्न महाराजका सामु उपस्थित भएको भन्ने बयान दिएपछि प्रधानन्त्री पद्मशमशेरले उनलाई रिहा गरिदिएका थिए (थारु, २०७८ जेठ २६) ।

तत्कालीन राणा सरकारले उनको मागबमोजिम वि.सं.२००४ सालमा ब्रह्मशमशेर राणाको नेतृत्वमा बर्दियका किसानहरूको समस्या बुझ्न दौडाहा टोली खटाएको थियो (श्रेष्ठ, २०५२ : १७) । राणा शासनकालमा ढुक्कसँग शोषण गरिरहेका जमिन्दारहरूले राधाकृष्ण थारुले जनता भड्काएको आरोप लगाउदै उनलाई तत्काल कैद गनुपर्ने पोल दौडाहा टोलीसमक्ष पेस गरेका थिए । तर टोलीका एकसदस्य बिजयशमशेर राणाले आफ्ना माग निर्धक्कसँग राख्न भनेपछि राधाकृष्ण थारुले जमिन्दारहरूले किसान वर्गमाथि गरेको अन्याय, अत्याचार बारे जानकारी गराउदै जिल्लामा बाटोघाटो, स्कूल, अस्पताल बनाउन माग गरेका थिए (सोमप्रसाद थारुले राधाकृष्ण थारुसँग वि.सं.२०४२ साल फल्गुण १४ गते लिएको अप्रकाशित अन्तरवार्ताका आधारमा) । त्यो दौडाहा टोली काठमाडौं फर्केपछि राणा सरकारले १३ हजार बिघाहा जमिन गरिव तथा सुकुम्बासी किसानलाई वितरण गर्ने निर्णय गरेको थियो (पहुरा, २०७७ मङ्सिर २५) । यसरी किसानका पक्षमा भएको त्यो ऐतिहासिक सफलता राधाकृष्ण थारुको संघर्षको पहिलो उपलब्धी थियो । तर त्यो कार्य उनले सोचेअनुरुपको भने हुन सकेको थिएन । यसबाट सबैजसो शोषित गरिव किसानहरू लाभान्वित हुन सकेका थिएनन् । वि.सं.२००५ सालमा राधाकृष्ण थारुले पुनः दोस्रोपटक काठमाडौं पुगेर प्रधानमन्त्री मोहनशमशेरलाई विन्तिपत्र चढाएका थिए । त्यसपछि राणा सरकारले बासुदेव प्याकुरेलको नेतृत्वमा अधिकार सम्पन्न कमिसन पठाएर २५ हजार बिघाहा जमीन रैतीका नाममा दर्ता गराएको थियो (श्रेष्ठ, वि.सं.२०५२ : १७) । यसरी राणाकालमा पनि राधाकृष्ण थारुले गरेको समाजसेवा तथा गरिव किसानको नाममा जमिन हुनुपर्ने मागलई स्वयम् राणा प्रधानमन्त्रीले पनि स्विकार गर्नु परेको थियो ।

## क्रान्तिकारी सरकारको नेतृत्व

किसानको अधिकारका पक्षमा सङ्घर्ष गर्दै आएका कारण वि.सं.२००७ सालको क्रान्ति सुरु हुनुभन्दा अगाडि नै राधाकृष्ण थारु बर्दियाली जनताका माझ लोकप्रिय भैसकेका थिए । जमिन्दारहरूले निमुखा किसानमाथि गरेको शोषण र अत्याचारका विरुद्ध संघर्ष गर्दै आएका राधाकृष्ण थारुलाई राणा सरकार विरुद्ध जनता भड्काउन सक्ने सम्भावित व्यक्तिका रुपमा तत्कालीन सरकारले निगारानी राख्ने गरेको थियो । नेपाली कांग्रेसले शसस्त्र क्रान्तिको तयारी गर्दै रहेको समयमा समेत राधाकृष्ण थारु त्यसमा समावेस भएका थिएनन् । त्यतिबेलासम्म उनी शुद्ध समाजसेवीका रुपमा मात्र रहेका थिए । उनी राजनीतिक व्यक्ति भएका थिएनन् । त्यस्तैमा उनलाई राणा सरकारले राजनीतिमा लागेको आरोपमा पक्राउ गर्न सिपाही खटाइएपछि उनी १५ दिनसम्म जङ्गलमा लुकेर बसेका थिए । जङ्गली फलफूल तथा कन्दमूल खाएर बस्नु परेपछि उनले राणा शासन अन्त्य गरी देशमा प्रजातन्त्र स्थापना गराएरै छाड्ने अठोट लिएर कांग्रेसका नेताहरूको सम्पर्कमा पुगेका थिए (थारु : २०७८ जेठ २६) । त्यसपछि मात्र उनी राणा विरोधी क्रान्तिमा पश्चिम नेपालका कमाण्डर कांग्रेस पार्टीका महामन्त्री महेन्द्रविक्रम शाहसँगै मिलेर क्रान्तिमा होमिएका थिए ।

तत्कालीन नेपाली कांग्रेसका नेता महेन्द्रविक्रम शाहबाट नेपाली कांग्रेसको सदस्यता लिएका राधाकृष्ण थारु त्यसपछिको समयमा नेपाली कांग्रेसले अगाडि सारेको शसस्त्र क्रान्तिमा सक्रिय रुपमा सहभागी हुँदै गएका थिए । क्रान्तिका क्रममा वि.सं. २००७ साल पुष २६ गते मुक्ति सेनाले राजापुर कब्जा गरेको थियो । माघ १ गते थारुको नेतृत्वमा ज्ञानराज शर्मा, बासुदेव शर्मा, सर्जुप्रसाद चौधरी सम्मिलित मुक्ति सेनाले गुलरिया कब्जा गर्‍यो (बस्नेत, वि.सं.२०६६ : २६४) । गुलरीया कब्जा भएपछि स्थानीय प्रशासन सञ्चालनका लागि राधाकृष्ण थारुको नेतृत्वमा क्रान्तिकारी सरकार गठन भयो जसमा मुखिया समरबहादुर श्रेष्ठ, सुब्बा भद्रकाली उपाध्याय, सरजुप्रसाद चौधरी, तिर्थबहादुर सापकोटा र शिवप्रसाद उपाध्याय सदस्य रहेका थिए (( श्रेष्ठ, वि.सं.२०५२ : १९) । वि.सं.२००७ सालमा राणाहरूको १०४ वर्षे तानाशाही शासनको अन्त्य भई प्रजातान्त्रिक सरकार गठन नहुँदासम्म बर्दिया क्षेत्रमा राधाकृष्ण थारु नेतृत्वको क्रान्तिकारी सरकारले गुलरिया क्षेत्रबाट दैनिक प्रशासन सञ्चालन गरिरहेको थियो ।

## केन्द्रीय राजनीतिमा भूमिका

वि.सं.२००७ सालमा प्रजातन्त्र स्थापना भएपछि पनि राधाकृष्ण थारु किसानका अधिकारको पक्षमा सक्रिय रुपले लागिनै रहेका थिए । वि.सं.२०१२ साल माघ ९-१२ सम्म बीरगञ्जमा सम्पन्न नेपाली कांग्रेसको महाधिवेशनबाट सुवर्णशमशेर राणा सभापतिमा निर्वाचित भए । सुवर्णशमशेरको अध्यक्षतामा गठित २४ सदस्यीय केन्द्रीय कार्यसमितिमा राधाकृष्ण थारु पनि नेपाली कांग्रेसको केन्द्रीय सदस्यमा चयन भएका थिए ( बस्नेत, २०७३ : ४६) । केन्द्रीय समितिको वरियताक्रममा थारुको नाम सातौं स्थानमा रहेको थियो । नेपाली कांग्रेसको केन्द्रीय समितिमा सुवर्णशमशेर राणा, बीपी कोइराला, गणेशमान सिंह, सूर्यप्रसाद उपाध्याय, कृष्णप्रसाद भट्टराई र ललित चन्दपछि राधाकृष्ण थारुको नाम रहेको थियो (नेपालपुकार, वि.सं.२०१२ फागुन २३) । उनी वि.सं.२०१३ साल मङ्सिर १३ गतेसम्म नेपाली कांग्रेसको केन्द्रीय सदस्य रहेका थिए । नयाँ पुस्तालाई मात्र सहभागी गराएर नेतृत्व विकास गराउन आवश्यक भएको महसुस गरी सभापति सुवर्णशमशेर राणले वि.सं.२०१३ साल मङ्सिर १४ गते नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति विघटन गरेका थिए । नेपाली कांग्रेसको इतिहासमा पहिलो पटक सबैजसो बरिष्ठ नेताहरूलाई वाहिर राखेर वि.सं.२०१३ साल पौष ३ गते नयाँ कार्यसमिति गठन गरिएको थियो । बीपी कोइराला, गणेशमान सिंह, सूर्यप्रसाद उपाध्याय, राधाकृष्ण थारुलगायतका वरिष्ठ नेताहरू नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिमा रहेका थिएनन् (बस्नेत, वि.सं.२०७३ : ८५-८६) । यसरी नयाँ पुस्तालाई पार्टीको उच्च पदमा नियुक्त गर्दा पर्टी बलियो हुने र भावी नेतृत्व पनि तयार हुने रणनीति रहेको थियो ।

प्रतिनिधि सभाका लागि आम निर्वाचन घोषणा भएपछि नेपाली कांग्रेस पार्टीका तर्फबाट उम्मेद्वारको टुङगो लगाउन वि.सं.२०१५ साल श्रावण ९ गते बीपी कोइरालाले आफ्नो अध्यक्षतामा सुवर्णशमशेर राणा, गणेशमान सिंह, सूर्यप्रसाद उपाध्याय, मातृकाप्रसाद कोइराला, महेन्द्रनारायण निधी र राधाकृष्ण थारु सदस्य रहेको संसदीय समिति गठन गरेका थिए (बस्नेत, वि.सं.२०७३ : २१३) । बीपी कोइरालाले वि.सं.२०१६ साल श्रावण ३ गते पार्टीको पुरानो केन्द्रीय कार्य समिति भङ्ग गरी १८ सदस्यीय नयाँ कार्यसमिति गठन गरेका थिए । त्यो कार्यसमितिमा राधाकृष्ण थारु पनि सदस्य रहेका थिए । त्यसपछि वि.सं.२०१७ साल बैसाख २५ देखि ३१ सम्म काठमाडौंमा सम्पन्न नेपाली कांग्रेसको सातौं महाधिवेशनले बीपी कोइरालालाई सभापतिमा चयन गरेको थियो । त्यसपछि सभापति बीपी कोइरालाले वि.सं.२०१७ साल असार २७ गते गठन गरेको पार्टीको नयाँ कार्यसमितिमा पनि राधाकृष्ण थारुलाई केन्द्रीय सदस्यमा मानोनित गरिएको थियो (बस्नेत, वि.सं.२०७३ : ५१४) । त्यसपछि उनी वि.सं.२०३४ सालसम्म नेपाली कांग्रेसको केन्द्रीय सदस्यको भूमिकामा रहरिहेका थिए ।

## संसदमा किसानको आवाज

भूमिहिन किसानका पक्षमा राणाकालदेखि नै आवाज उठाउदै आएका राधाकृष्ण थारु प्रजातन्त्रको स्थापना पछि पनि जनताको नेताका रुपमा चिनिदै आएका थिए । वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपछि ठाउँठाउँमा स्कूलहरू खुल्दै गएपछि विस्तारै नेपाली जनतामा चेतनाको स्तर पनि बढ्दै गएको थियो । मुलुकमा पहिलो पटक वि.सं.२०१५ सालमा संसदीय निर्वाचन सम्पन्न भयो । उक्त संसदीय निर्वाचनमा राधाकृष्ण थारु बर्दियाको क्षेत्र नं ६४ बाट अत्यधिक मत ल्याएर विजयी भए । उनले ८ हजार ९ सय ४५ मतका साथ विजयी हुँदा उनका निकटतम प्रतिद्वन्दी संयुक्त प्रजातन्त्र पार्टीका भगतदास थारुले ८६४ मत पाएका थिए । त्यो निर्वाचन क्षेत्रमा आठजना उम्मेदबार रहेका थिए । जसमध्ये स्वतन्त्र उम्मेदबार मुन्नालालले ६५७ मत पाएका थिए भने बाँकी कुनैले पनि ४ सयभन्दा बढी मत ल्याउन सकेका थिएनन् ( गोरखापत्र, वि.सं.२०१५ साल फागुन १४ गते) । पहिलो संसदका सदस्य अच्युतराज रेग्मीका अनुसार

राधाकृष्ण थारु भद्र स्वभावका नेता थिए, धेरै बोल्दैनथे र संसदमा प्रायः किसानका मुद्धा मात्र उठाउने गर्दथे ( रेग्मी : २०८० जेठ २४) । संसदमा राधाकृष्ण थारुले प्रायः किसान वर्ग र थारु समुदायको हितका पक्षमा आवाज उठाउने गर्दथे (प्रतिनिधिसभा विवरण : २०१७ साउन २७, २०१७ भदौ ११, २०१७ भदौ १७, २०१७ भदौ २२) । यस अर्थमा राधाकृष्ण थारु रानजीतिक नेता भन्दा पनि किसानका नेता भएको देखिन्छ । नेपालमा यसरी किसानका मुद्धा संसदमा बुलन्द पार्ने राधाकृष्ण थारु नै पहिलो नेता भएको मान्न सकिन्छ ।

राधाकृष्ण थारु नेपालको पहिलो प्रतिनिधि सभाको सदस्यमा निर्वाचति भएको समयतिर नेपालमा ९७ प्रतिशत जनताको आम्दानीको श्रोत कृषि व्यवशाय थियो । तर धेरैजसो सर्वसाधारण कृषकहरूका नाममा जमीन थिएन । देशको सम्पूर्ण कृषियोग्य जमिनमध्ये राणा परिवारका सदस्यको नाममा ५० प्रतिशत भन्दा बढी रहेको थियो । शाही परिवार र राजा रजौटाहरूका नाममा १५ प्रतिशत जमिन थियो । भारदार, सरदार, काजी र गुरु पुरोहित जस्ता परिवारका नाममा बाँकी १५ प्रतिशत जमिन रहेको थियो । जागरिदारहरूको खान्गीमा १० प्रतिशत र सन्त, महन्त महाजनहरूका नाममा ७ प्रतिशत जमिन रहेको थियो । त्यसपछि बाँकी रहेको ३ प्रतिशत जमिन मात्र जनताको नाममा रहेको थियो (नेपाल, वि.सं.२०७३ : १६६) । नेपाली कांग्रेसको चुनावी घोषणापत्रमा गरिव किसानहरूलाई जमिनको मालिक बनाउने प्रतिवद्धता जनाउदै जग्गामा जोत्ने वर्गको स्वामित्व हुनुपर्ने कुरा दावी गरेको थियो ।

जमिनमाथि किसानको अधिकार हुनुपर्ने भन्ने एकसुत्रीय माग लिएर अगाडि बढेका राधाकृष्ण थारुले आफू प्रतिनिधि सभाको सदस्यमा निर्वाचित भएपछि पनि संसदमा त्यही विषयलाई सर्वाधिक महत्वका साथ उठाएका थिए (प्रतिनिधिसभा विवरण : २०१७ साउन २७, २०१७ भदौ ११, २०१७ भदौ १७, २०१७ भदौ २२) । उनले सदनमा उठाएका केही मुद्धाहरूमध्ये वि.सं.२०१७ सालको भदौ ११ गतेको प्रतिनिधिसभा बैठकमा राधाकृष्ण थारुले के खेतीको कामका लागि बाँके, बर्दियाका किसानहरूलाई सरकारले कर्जा दिने विचार गरेको छ ? यदी गरेको छ भने कुन शर्तमा दिन्छ ? भन्ने प्रश्न राखेका थिए । उनको त्यो प्रश्नको जवाफमा तत्कालीन कृषि मन्त्री प्रेमराज आङदम्बेले सहकारी संस्था गठन गरी सहकारीमार्फत कर्जा दिइने छ भनी जवाफ दिएका थिए । सोही दिन उनले जाली फटाहाहरूले नक्कली तमसुक बनाएर किसानहरूलाई ठगी गरिरहेको बिषयमा अध्ययन गरी दोषीमाथि कारवाही गर्न पनि माग गरेका थिए (प्रतिनिधिसभा : २०१७ भदौ ११) । यस आधारमा पनि उनी किसानका मुद्धामा नै केन्द्रित भएको देखिन्छ ।

वि.सं.२०१७ साल भदौ २२ गतेको प्रतिनिधिसभा बैठकमा उनले सरकारलाई बाँके र वर्दिया जिल्लामा अनावृष्टिले बालीमा क्षती पुगेको कुरा सरकारलाई थहा छ ? यदी छ भने यस संकटलाई हटाउन सरकारले के उपाय गर्ने भएको छ ? भन्ने प्रश्न सोधेका थिए । त्यो प्रश्नको जवाफ दिदै कृषि मन्त्री प्रेमराज आङदम्बेले 'बाँके, बर्दियामा पानी नपरेकाले पुरा रोपाई हुन नसकेको रिर्पोट छ । संकटापन्न अवस्थामा आवश्यक व्यवस्था सरकारबाट भइनै रहेको हुनाले पछि आवश्यक परे सरकारले उचित व्यवस्था गर्ने नै छ' भनी जवाफ दिएका थिए (प्रतिनिधिसभा विवरण : वि.सं.२०१७ भदौ २२) । यसरी संसदमा राधाकृष्ण थारुले वारम्वार किसानका पक्षमा आवाज उठाउने गरेको देखिन्छ । त्यसैगरी सिचाईको व्यवस्था र जङ्गल व्यवस्थापनका बिषयमा समेत उनले आवाज उठाएको संसदको अभिलेखमा देखिन्छ । पहिलो जननिर्वाचित सरकारले विर्ता उन्मूलन, सुकुम्बासीलाई जग्गा वितरण, राणा र शाह परिवारको स्वामित्वमा रहेका जङ्गलको राष्ट्रियकरण गर्दै शिक्षा र स्वाथ्यको जग बसाउन महत्वपूर्ण काम गरेको थियो (नेपाल, वि.सं.२०७३ : १६६-१७३) । यसका अतिरिक्त राधाकृष्ण थारुले पनि बाँके, बर्दिया क्षेत्रमा प्राथमिक विद्यालय र स्वास्थ्य चौकी स्थापना गर्नुपर्ने विषयमा संसदमा पटक-पटक आवाज उठाउने गरेका थिए (प्रतिनिधिसभा विवरण : २०१६ साउन ८, २०१७ असार ४, २०१७ साउन २७, २०१७ भदौ ११, २०१७ भदौ १७, २०१७ भदौ २२) । यसरी उनले कृषि क्षेत्रका अतिरिक्त शिक्षाको विकासमा पनि संसदमा आवाज उठाएको देखिन्छ ।

## मन्त्री पद त्याग

पहिलो निर्वाचित सरकार गठन गर्ने समयमा नेपाली कांग्रेसमा मन्त्रीका आकांक्षी धेरै थिए । आफूलाई मन्त्री बनाउनै पर्ने भनेर नेपाली कांग्रेसका धेरै सांसदहरूले प्रधानमन्त्री बीपी कोइरालालाई सक्दो दवाव दिइरहेका थिए । सबैलाई क्याविनेट मन्त्री नै चाहिने र सहायक मन्त्री हुन कोही पनि तयार नहुने अवस्था रहेको थियो । आफूलाई मन्त्री नबनाउने हो भने आत्महत्या गर्छु भन्नेसम्मका पनि सांसादहरू थिए (कोइराला, २०६७ : २१८) । त्यस्तो वातवरणका बिच मुलुकको पहिलो जननिर्वाचित सरकार बनाउने गृहकार्य प्रारम्भ भएको थियो ।

बीपी कोइराला पश्चिम नेपालको प्रतिनिधित्व हुनेगरी राधाकृष्ण थारुलाई मन्त्री पदमा नियुक्त गर्न चाहन्थे । राधाकृष्ण थारु पश्चिम नेपालका अत्यन्त लोकपृय नेता भएका कारण बीपीले त्यस्तो मानसिकता बनाएका थिए । बीपीले पार्टीको बैठकमा राधाकृष्ण थारुलाई मन्त्री बनाउनु पर्ने प्रस्ताव पनि राखेका थिए । त्यो समयमा राधाकृष्ण थारुले भनेका थिए "विश्वेश्वरबाबु म सामान्य पढेललेखेको मानिस मन्त्री बन्दिन । परसुनारायण चौधरी शिक्षित ग्रेजुएट छन्, म सामान्य साक्षरभन्दा उहाँलाई नै मन्त्री बनाउन उपयुक्त हुन्छ" ( सोमप्रसाद थारुले राधाकृष्ण थारुसँग वि.सं.२०४२ साल फल्गुण १४ गते लिएको अप्रकाशित अन्तरवार्ताका आधारमा) । मन्त्री हुनका लागि सांसदहरू बिच हानथाप चलिरहेको समयमा राधाकृष्ण थारुले दिएको त्यो अभिव्यक्तिलाई आधार मान्दा उनी एकदमै त्यागी स्वभावका व्यक्ति भएको देखिन्छ । त्यसपछि राधाकृष्ण थारुको त्यो त्यागकै कारण परशुनारायण चौधरी शिक्षा मन्त्रीमा नियुक्त हुन पुगेका थिए ।

पहिलो पटक जनताको मत पाएर निर्वाचित भएका सांसदहरू जो सबैजसो मन्त्रीका आकांक्षी थिए, उनीहरूलाई मनाएर सरकार गठन गर्ने काम चुनौतीपूर्ण थियो । तैपनि बीपी कोइरालाले सबै क्षेत्र, वर्ग, जातजाति आदिको प्रतिनिधित्व हुनेगरी पहिलो पटक समावेशी सरकार गठन गर्न सफल भएका थिए । त्यही समावेसिताका आधारमा पहिलो पटक महिलाहरूको प्रतिनिधित्व गर्दै द्वारिकादेवी ठकुरानी मन्त्री पदमा नियुक्त भएकी थिइन् । पूर्वी तराईबाट रामनारायण मिश्र र सूर्यनाथ दास यादव, पश्चिमको थारु समुदायबाट परसुनारायण चौधरी, उपत्यकाबाट गणेशमान सिंह, मध्यपहाडी तथा हिमाली क्षेत्रका जनजातिबाट योगेन्द्रमान शेरचन, जमानसिंह गुरुङ र दिवान सिंह राई समेटिएका थिए (नेपाल, वि.सं.२०७३ : ९३) । यसरी नेपालमा पहिलो निर्वातिच सरकार गठनहुँदा क्षेत्र, वर्ग, लिङ्ग आदि सबैको प्रतिनिधित्व भएको महशुस गरिएको थियो ।

## शसस्त्र क्रान्तिको नेतृत्व

नेपालको पहिलो जननिर्वाचित सरकारले १८ महिना भन्दा बढी समय कामगर्न पाएन । राजा महेन्द्रले वि.सं.२०१७ साल पौष १ गते प्रथम निर्वाचित संसद र सरकार भङ्गरे भने पौष २२ गते राजनीतिक दलहरूमाथि पनि प्रतिबन्ध लगाए (गौतम्, २०७१ : ६६) । प्रधानमन्त्री बीपी कोइरालासहित शिर्ष नेताहरूलाई जेल हालियो । प्रजातन्त्रको पक्षमा कलम चलाउँदै आएका पत्रपत्रिका पनि बन्दगरिए । त्यो समयमा राधाकृष्ण थारु भने सुरक्षाकर्मी र गुप्तचरहरूलाई समेत छलेर बर्दियाको सिमावर्ती भारतीय शहर नानपारा पुगे । पक्राउ पूर्जी जारी गर्दै प्रहरी प्रशासनले उनको घरमा छापा मारे पनि चलाखीपूर्ण रुपमा प्रवास पुगेकाले उनी पक्राउ हुनबाट जोगिए । वि.सं.२०१७ माघ १२-१४ सम्म भारतको पटनामा सम्पन्न नेपाली कांग्रेसको विशेष सम्मेलनले सुवर्णशमशेर राणालाई कार्यवहाक सभापतिमा चयन गर्दै राजा महेन्द्रले खोसेको प्रजातन्त्र पुनर्स्थापना नभएसम्म शसस्त्र क्रान्ति गर्ने निर्णय गऱ्यो । त्यो सम्मेलनमा विघटित प्रतिनिधिसभाका ३९ जना संसद सदस्यहरूले भाग लिएका थिए जसमध्ये नेपाली कांग्रेसका ३६, गोर्खापरिषद्का २ र प्रजापरिषद् मिश्र समूहका १ सदस्य रहेका थिए । त्यो सम्मेलनमा राधाकृष्ण थारुले पनि भाग लिएका थिए (अधिकारी, २०७१ :

१९९) । राजाले प्रजातन्त्र अन्त्य गरी निरंकुश शासन शुरु गरेपछि गोर्खापरिषद् र प्रजापरिषद् मिश्र समूह नेपाली कांग्रेसमा विलय भएर प्रजातन्त्रको पक्षमा आन्दोलन गर्ने अठोट लिएका थिए ।

प्रजातन्त्र पुनर्स्थापनाका लागि विभिन्न प्रयासहरू भए तापनि राजा महेन्द्र त्यसका लागि तयार नभएपछि कांग्रेसले देशका विभिन्न भागमा गुरिल्ला शैलीमा आक्रमण गरी सरकारलाई दवाव दिनथाल्यो । नेपाली कांग्रेसले वि.सं.२०१७ साल पौष १ गतेको शाही कदम फिर्ता हुनुपर्ने, विघटित संसद पुनर्स्थापना हुनुपर्ने र सबै राजबन्दी रिहा गर्नुपर्ने माग अगाडि सार्‍यो । ती मागहरू पुरा नभएर देशव्यापी रुपमा शसस्त्र क्रान्ति गर्ने चेतावनी राजालाई दियो (अधिकारी, वि.सं.२०७१ : २००) । आफ्ना मागहरू राजाबाट सुनुवाई नभएपछि तत्कालीन कार्यकारी सभापति सुवर्णशमशेर राणाले क्रान्तिको तयारी अगाडि बढाए । त्यसका लागि एउटा कार्यसमिति गठन गरियो । केन्द्रीय सदस्य राधाकृष्ण थारुलाई सीमावर्ती भारतीय शहर नानपारामा रहेर बाँके, बर्दिया क्षेत्रमा शसस्त्र क्रान्तिको नेतृत्व गर्ने जिम्मेवारी सुम्पिइयो (गौतम, वि.सं.२०७१ : ९४) । त्यसरी पश्चिम नेपालको क्रान्तिको नेतृत्व पाएपछि राधाकृष्ण थारुले नेपालगञ्जको गोश्वारा अड्डामा आक्रमण गर्न उनले तरकारीको बोरामा राखेर डाइनामाट पठाएका र त्यही डाइनामाइट पड्काएर गोश्वरा अड्डाको पर्खाल ढालिएका थियो (सोमप्रसाद थारुले राधाकृष्ण थारुसँग वि.सं.२०४२ साल फल्गुण १४ गते लिएको अप्रकाशित अन्तरवार्ताका आधारमा) । यस प्रसंगमा वि.सं.२०१८ भदौ १४ गते नेपाली कांग्रेसका तत्कालीन कार्यवाहक सभापति सुवर्णशमशेरलाई नानपाराबाट टेलिग्राम पठाएर राधाकृष्ण थारुले आफ्नो नेतृत्वमा बाँकेमा भएको घटना बारे जानकारी गराएका थिए (गौतम, वि.सं.२०७१ : ११७) । राधाकृष्ण थारुले पश्चिम नेपालमा व्यवस्था विरोधी क्रान्तिको नेतृत्व गरेपछि वि.सं.२०१८ साल फागुन १९ गते नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी २१ दिन भित्र नेपाल प्रवेश गरी आफ्नो घरमा बस्न नआए उनको सम्पत्ति जफत गर्ने घोषणा गरेको थियो (गौतम, वि.सं.२०७१ : १०३) । त्यसपछि पनि उनी स्वदेश फर्किएनन् ।

राधाकृष्ण थारु सरकारले दिएको म्याद भित्र घरमा नफर्केपछि उनको सम्पत्ति सबै जफत गरी लिलाममा राखियो । पश्चिम नेपालका लोकपृय नेता राधाकृष्ण थारुको जग्गा लिलाममा राखे पनि त्यसरी लिलाम गरिएको जग्गा किन्न कोहीपनि तयार भएनन् (थारु, २०७८ जेठ २६) । नेपाली कांग्रेसको शसस्त्र क्रान्ति अगाडि बढिरहेको समयमा भारत र चीनबीच युद्ध शुरु भएपछि नेपाली कांग्रेसका कार्यकारी सभापति सुवर्णशमशेर राणाले क्रान्ति स्थगित गरे । वि.सं. २०१७ सालको घटनापछि राधाकृष्ण थारुले ८ वर्षसम्म प्रवासमा रहेर पार्टीको काम गरिरहे (अधिकारी, वि.सं.२०५८ : ४३६) । त्यो समयमा नेपालका जेल र भारत प्रवासमा रहेका नेता कार्यकर्ताको पालन पोषण र संगठनका लागि आवश्यक सम्पूर्ण खर्च कार्यकारी सभापति सुवर्णशमसेरले नै व्यहोर्ने गरेका थिए । यसक्रममा पार्टीले राधाकृष्ण थारुलाई सय रुपैया, चन्द्रलाल शर्मा, दानबहादुर सिंह, भगवान शरण र मिठ्ठुलाललाई जनही पचास पचार रुपैयाका दरले रकम पठाएका थिए ( गौतम्, वि.सं.२०७१ : २२४) । सुवर्णशमशेरको मेलमिलाप नीतिअन्तर्गत राजा महेन्द्रले वि.सं.२०२५ साल कार्तिक १४ गते आममाफीको घोषणा गरेपछि जेलमा रहेका बीपी कोइराला, गणेशमान सिंहसहितका नेताहरू छुटे र भारत निर्वासनमा रहेका राधाकृष्ण थारुसहितका नेताहरू पनि स्वदेश फर्किएका थिए । त्यसपछिका दिनमा पनि उनी निरन्तर प्रजातन्त्रको पक्षमा लागिरेको पाइन्छ ।

## निष्कर्ष

गरिब किसान र न्यूनवर्गका मानिसहरूको अधिकारका पक्षमा वि.सं.२००१ सालदेखि निरन्तर सक्रिय रहेका राधाकृष्ण थारुले कहिल्लै पनि आफूले गर्न नसक्ने आश्वासन दिएनन् । राणा प्रधानमन्त्रीसँग बिन्तीपत्र चढाउदा होस् वा संसद सदस्य र नेपाली कांग्रेसको केन्द्रीय सदस्यको भूमिकामा हुँदा होस् उनले इमान्दारीपूर्वक किसानका मुद्धा नै उठाइरहे । उनले राजनीतिलाई कहिल्यै पनि पद प्राप्तिको आधार र व्यक्तिगत लाभ तथा सम्पत्ति कमाउने अस्त्रका रुपमा प्रयोग गरेनन् । निष्ठा, आदर्श र नैतिकताका लागि राजनीति गर्दै सादा जीवन यापन गरे । समाजसेवा मार्फत राजनीतिमा प्रवेश गरेका राधाकृष्ण थारुले आफ्नो

जीवनकालभर गरिव किसानका पक्षमा काम गरे । राजनीति समाजसेवाको आधार हो भन्ने कुरालाई उनले प्रमाणित गर्ने प्रयास गरे । जीवनको उत्तरार्धमा नेपाली कांग्रेस बर्दियाको सभापति रहेका राधाकृष्ण थारुको वि.सं.२०५२ साल मङ्सिर २५ गते निधन भयो । प्रजातन्त्रको स्थापना पछि पनि राजनीतिलाई व्यवसायका रुपमा स्थापित गर्ने विकृत स्वरुप बढिरहेको समयमा राधाकृष्ण थारुले राजनीति भनेको समाजसेवामा आधारित हुनुपर्दछ भन्ने कुरालाई जीवनभर स्थापित गर्ने प्रयास गरिरहेको देखिन्छ । यस अर्थमा राधाकृष्ण थारुलाई एक धनाढ्य परिवारमा जन्मेर पनि जीवनभर समाजसेवा र गरिव किसानको पक्षमा लडिरहने सच्चा देशभक्त योद्धा र कुशल राजनीतिज्ञका रुपमा चिन्न सकिन्छ ।

## परिशिष्टहरू

### परिशिष्ट - एक

श्री राधाकृष्ण थारु (बर्दिया) यो जुन संकल्प राखेको छ त्यो साह्रै ठिक कुरा छ । सरकार तर्फ कोत्रिमा मा० सदस्यहरूलाई पनि थाहानै होला कि यदि कुनै किसानले पांच मन धान ऋण लिएको छ भने उसले त्यो पांच पटक तिरेर पनि पुग्दैन । त्यस्तो नक्कली तमसुकहरू एउटा ट्रीव्युनल खडा गरेर हेरियोस । केवल यस्तो उस्तो मात्रै भनियो भने धेरै कुरा आउंछ, संकल्प ठिक छ पास गरियोस् भन्ने मेरो अनुरोध छ ।

### परिशिष्ट - दुई

६-४५बजे श्री राधाकृष्ण थारू (ने.का.) हाम्रो बर्दिया जिल्ला मा पनि अस्पताल र मिडिल स्कूलहरू बिर्ताको नै आयस्ताबाट चलेको छ । बिर्ता खारेज हुने भएकोले खराब हुन जान्छ यसको विचार गरोस भन्ने सुझाव छ।

मा. उप प्रधान मन्त्री यस विधेयकबाट ती संस्थाहरूलाई कुनै बाधा नहुने र राम्रो व्यवस्था हुने भएको छ ।

## परिशिष्ट - तीन


श्री राधाकृष्ण थारू (६४ वर्दिया) म पिछडिएको, इलाका, पिछडिएको जाति र पिछडिएको देशको मानिसहुँ। जुन गाउपंचायत संशोधन विधेयक आएको छ त्यो ठीक छ। हाम्रो जातिमा लडाइ गरेर मानिस अड्डा अदालतमा जान सक्तंन। गाउमै झगडा मिलाउने व्यवस्था यसमा गरेकोछ। त्यसो हुनाले यो संशोधन विधेयक ठीकछ। यसका साना साना कुरा लिएर सदस्यहरूले शंकाहरू उठाउनु भयो, सुपमा दिनु भो, यो ठीक छैन। देशको परिस्थिति हेरेर समाजवादी सरकारवाट श्री ५ को सरकारवाट आएकोछ र यो ठीक छ। पास भएवेस हुनेछ।

## परिशिष्ट - चार

श्री राधाकृष्ण (न.कां.) अवस्था हेरो संबोधन ठोकछ। यसमा जमोदारो उन्मूलनको कुरोछ तर यसले मात्र जनताले जग्गा पाउदैन। खान्गो खतम गरिनु पर्छ। रैतीको हकको जग्गा छ तर उसले पाउदैन भाई, छोरा, नोकर र चाकरको नाउमा राखो जमोदारले पक्कागरको जग्गा कसरो खतम गर्ने। बाके बर्दिया, बुटवल आदिमा २ नं. सोर र उखडा प्रथाछ। रैतीको जग्गा जमोदारले जालफेल गरेर लिएकोछ सरकारो बिर्ता र जग्गा भएका जिल्लाको सैकडा ५ आय बिकासकार्यका निंति प्राप्त भयो, तर गैरसरकारो बिर्ता भएका जिल्लाहरूको प्राप्त भएको छैन। जमोदारहरूले अपढ किसानहरूलाई ५ मन अन्न कर्ज दिएर सो बुझाउदा पनि अनेक जालगरो जनमभर काम लगाउदछन। उखडा प्रथा हटाइनु पर्छ। भाइ, छोरा का नाउको जग्गा जनतामा बाडिनु पर्छ जमोनको हदवन्दो तर्फ ध्यान राखिनु पर्दछ नत्र जनताले जमोदारो खतम भए पनि जग्गा पाउनैछैन।

४–२० बजे

## परिशिष्ट - पाँच


M.P. Not Arrested

Arrested M.P.'s

Upper House Member Arrested

not arrested

## परिशिष्ट - छ

श्री राधाकृष्ण थारु - सभामुख महोदय, सरजिमीन जाँच्ने कुरा ठीक छ । यो मनासिब परेमा भन्ने संशोधन ठीक छैन । जनता पढेको छैन । उनीहरु गई सन कानून को केही कुरा थाहा छैन । ठूला ठालु, तालुकदार र जमिन्दारको प्रमाण देखाउन सक्छ र उनीहरुको मनपर्दो मै जनतालाई मर्नु पर्छ । पुस्तो अदालत विधेयक बारे कै किसान को हितको निम्ति भने सरजिमिन बिल्कुल ठिक छ ।

## परिशिष्ट - सात

५-३० श्री राधाकृष्ण (बर्दिया)- सभामुख महोदय, श्रमदानबाट देशको निर्माण गर्ने, विकाश गर्ने भनिन्छ तर जुन किसान तथा गरीवहरुको हातमा जमीन नै छैन कुन आशाले तिनीहरुले श्रमदान दिने । सरकारले ग्राम बिकाश केन्द्रहरु खोलेका छन् तर यो सबै ठूला ठालू र सामन्तहरुको निमित्त मात्रै भएको छ । जुन गरीवको आफनो जमीन छैन ती गरीवहरु लाई श्रमदान दिन केवल धाक, त्रास देखाएर मात्र ल्याईन्छ । सरकारले पहिले जमिन वितरणको व्यवस्था गर्नु पर्छ । अब कि जग्गा छैन, खान पाउँदैन, पेट बलियो छैन भने ती गरीव जनताले कहाँबाट श्रमदान दिने । सबै जग्गा जमीन सामन्ति र जमिन्दारको हातमा छ । आज हामी तीनै गरीवले दिएको भोटले संसद सदस्य

Scanned by CamS

भएका छौं । सानो होस या ठूलो तिनको पेटको आत्मा हेर्नु पर्छ र गरीवलाई सताउने तरिका मात्रै सोचेर हुँदैन । यदि ती गरीव जनताको पेटको आत्मा बुझ्दछ भने तमाम जनतालाई देश निर्माण कार्यमा अगाडि बढाउन सकिन्छ ।

## परिशिष्ट - आठ

बृहस्पति बार, श्रावण २७, २०२७

मानिनीय सभामुख श्री कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा दिनको ३- ६ बजे सभाको बैठक प्रारम्भ भयो।

प्रश्नोत्तर

मजदूर सम्बन्धी विधेयक

श्री लिलानाथ दाहालले मा० उ. वा. मन्त्री संग- के सरकारले मजदूरहरू सम्बन्धी कुनै विधेयक संसदमा ल्याउने विचार गरेको छ ? छ भने, कहिले सम्ममा ?

मा० रामनारायण मिश्र - मजदूर सम्बन्धी विधेयक संसदमा पेश गर्न श्री ५ को सरकारले विचार गरेको छ। [illegible]

बर्दियाको २ नं जग्गा वितरण

श्री राधाकृष्ण थारुले मा० अर्थ मन्त्री संग- के २००८ सालमा सरकारि तथा गैर सरकारी व्यक्तिहरू मिलि बनेको एक संयुक्त कमिशनले बर्दियाको २ नं जग्गा वितरण गर्न कति रहेछ र कुन आधारमा वितरण गर्ने भन्ने रिपोर्ट सरकारमा प्रस्तुत गरेको थियो ? थियो भने, त्यो रिपोर्टको ~~[illegible]~~ आधारबाट कति जग्गा वितरण कहिलेसम्म हुनेछ

मा० जमान सिंह गुरुङ०- उक्त कमिशनले जम्मा २२०० बानचुन विगहा जग्गा वितरण गर्ने र खर्ता पर्ता परेको वा जिम्दार हरूको पैदा परेता पनि रैति आएमा रैतिलाई नै दिन पर्ने गरी जिम्दिार जिम्मा रहेको समेत नदी राखेको वितरण गर्ने रिपोर्ट गरेको थियो। उक्त रिपोर्टको आधारमा जिम्दिार बुझदा -१/४-- सम्म वितरण गरी दिन मन्जुर गरेबाट जम्मा ११०० बिगहा सम्म जग्गा वितरण गर्न भएको छ र बाँ वितरण गर्ने नियम के कस्तो हुन पर्छ भन्ने कुरामा विचार हुँदै छ।

श्री राधाकृष्ण थारु- मैले यो प्रश्न सोधेको तात्पर्य के हो भने बर्दिया जिल्लामा जग्गाको समस्या बढ्दै गएको छ। त्यहा भएको रैतान जग्गा नापी हुदा ६८००० विगाहा मध्ये ५४००० विगाहा मात्र नापी भयो। बाँ जग्गापनि रैतान जग्गाने भएकोले रैतीहरूले बाँ जग्गा पाउनु पर्नेमा जमिन्दारहरूले आफना भाइ भतिजा र नातादार हरू का नाममा दर्ता गराएका छन्। र रैतिहरूका नाममा २४००० विगाहा पनि दर्ता भएका छैनन्। रैतिको अधिकारका बाँ चीज उनीहरूले पाउनु पर्छ। उनीहरूले माँग मागेको छैन। त्यसबाट आएका पकायाँ लाएका मिसिलहरू हनु बाँ मन्त्रालयमा गायब भएको छ। मैले सरकारे कम्प्लेन्ट निवेदन गरे तर कुनै सुनवाई भएन। जम्मा २२०० बिगाहा मात्र रैतिहरूमा बाँडएको छ।

## परिशिष्ट- नौ

(१५८)

श्री राधा कृष्ण नं.का. (हिन्दोमा) पश्चिम तराईमा चौकार बटिया छैर कर ज्यादा भया भनियो। वीरगंज देखि पश्चिम तर्फ जस्तो धांधलो गरेर जग्गा लिएको छ र भाईभतीजाका नाउंमा राखेकाछ, त्यो हेरी कर ठीक छ। एउटा पयल नहुनेको पनि वर्षमा२।।लाख आय हुन्छ। मर्ता पर्ता जग्गा आफ्ना मानिसहरू का नाउंमा दर्ता गराएको हुन्छ र यसलाई उखडा भनिन्छ।यो जमीन गरीब हरूलाई छोडि दिउन्। हो एक कुरामा मर्का परेको छ।नदीका किनार को जमीन र पर्ता आवाद गर्ने जसले जमीन लिएकोछ र आवाद गरा उंदै छन् तिनलाई मर्का पर्ने छ। २५ बिगहा भन्दा बढीमा कर लाग्नु ठीक छ। संयुक्त परिवार प्रथा हाम्रो जातिमा छ र हुन सक्छ भने यसमा विचार होस् नत्र कुनै आपत्ति छैन। २५ बिगहा भन्दा बढीमा कर कायम हुन पर्छ, यदि पोलिसी हेरेर हुन्छ भने अझै यो कमछ।

## परिशिष्ट- दश

(२)

रैतिको आफ्नो [illegible]कोहि बाँकि जग्गा पनि रैतिको नाममा दर्ता हुनु पर्दो।

मा० जमान सिंह गुरुङ०- यसबारे जग्गा वितरण गर्ने ऐन तयार हुँदैछ र सो चाडै यही अधिवेशनमा पेश गर्ने भएकाछौं। यस्को निंति घुम्ति अदालतको पनि बन्दोबस्त हुने भएको छ। यसमा धन्दा मान्नु पर्दैन ।

श्री राधाकृष्ण थारु- २२०० बिगाहा मात्र होइन २० हजार बिगाहा रैतिले पाउनु पर्दो सो मिसिलहरू प्राप्त गर्न मन्त्रीज्यूबाट प्रयास हुनु पर्दो। र कार्मशनको रिपोर्ट अनुसार काम काम हुनु पर्दो।

मा० जमान सिंह गुरुङ० - कमिशनको रिपोर्टकै आधारमा र कम्पनि यसना गर्ने सरकारले विचार गरेको छ। घुम्ति अदालत गठन हुने छ। त्यहा परेका अन्यायहरूको उजूरी पनि त्यहीमा गरे हुने छ।

श्री राधाकृष्ण थारु- त्यहीको आधारमा मानयो तर २२०० बिगाहा कहाँ वितरण गर्ने। यो त त्यसको आधारमा होईन । के सरकारले जम्मै मिसिल खोल्ने आश्वासन दिनु हुन्छ ?

मा० जमान सिंह गुरुङ०- मिसिल खोल्ने बारे यथासम्भव खोजतलासी गरिने छ।

२८. बाँके बर्दियाको कचरी १६१८ को प्रा. ग.

(क) कार्यकर्ता (२२४०) - - - - - - - - - - ८०।-
(ख) [illegible] - - - - - - - - - - - - - - १०।-
(ग) पारिवारिक तथा 'विशेष' प्रभावमा - - - - ३००।-
१. श्री राधाकृष्ण थारु ------- १००।-
२. श्री चन्द्रकान्त शर्मा ------- ५०।-
३. श्री राम बहादुर सिंह ------- ५०।-
४. श्री भगवान शरण ------- ५०।-
५. श्री मीठ्ठु [illegible] लाल ------- ५०।-
जम्मा:- ३९०।-

# परिशिष्ट- एघार

प्रतिनिधि सभा

कारवाहीको संक्षिप्त रिपोर्ट

२२ भाद्र २०१७ मंगलबार

मा० सभामुख श्री कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा सभाको बैठक दिनको ३-५ बजे प्रारम्भ भयो।

प्रश्नोत्तर

मोरंगमा वर्षाभाव ले रोपाई हुन सकेन

प्र नं० ८८४ श्री केतुलाल चौधरी (मोरंग विराट नगर पूर्व)ले मा० खाद्य कृषि तथा विकास मन्त्री संग- (क) यो साल मोरंग जिल्लामा वर्षाको अभावले धेरै जसो रोपाई हुन नसकेको सरकारलाई थाहा छ ? (ख) छ भने, त्यसमा सरकारले के व्यवस्था गरेको छ?

मा० प्रेमराज आंगदेम्बे (खा०कृ०वि० मन्त्री) (क) रोपाईनै नभएको होइन, १०।११ आना सम्म रोपाई भएको भन्ने खाद्य मो० गो० बाट रिपोर्ट प्राप्त भएको छ।

(ख) यसर्थ तत्काल केही गर्नु पर्ने अवस्था छैन ।


कर्दियामा अनावृष्टिले बालीको क्षति

८८५ श्री राधाकृष्ण थारु (बर्दिया) मा० खाद्य कृषि मन्त्री संग- यो साल बर्दिया जिल्लामा अनावृष्टिले गर्दा बालिमा क्षति पुगेको सरकारलाई थाहा छ ? छ भने, यस संकटलाई हटाउन सरकारद्वारा के उपाय गरिने भएको छ ?

मा० प्रेमराज आंगदेम्बे - उक्त जिल्लामा समयमा पानी राम्रो नपरेकोले पूरा रोपाई हुन नसकेको रिपोर्ट प्राप्त भएको छ ।

संकटापन्न अवस्थामा आवश्यक व्यवस्था सरकारबाट भईनै रहेको हुनाले पछि आवश्यक परेमा सरकारले उचित व्यवस्था गर्नेछ । यही विचार गर्दै छु।

## परिशिष्ट- बाह्र



प्रतिनिधि सभा
कार्यवाहीको संक्षिप्त रिपोर्ट
शुक्रबार, माघ ११, २०१७

मा० सभामुख श्री कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा सभाको बैठक दिनको ३-५ बजे प्रारम्भ भयो ।

प्रश्नोत्तर

नेपाल अधिराज्यमा कति ट्राक्टर छन् ?

८५८. श्री पृथ्वीराज कंडेल (क्षेत्र नं० ५७ पाल्पी पू०) ले मा० खा० कृ० तथा विकास मंत्री संग :- (क) के सरकारलाई थाहा छ कि नेपाल अधिराज्यका विभिन्न जिल्लाहरूमा खेतीको लागि कति ट्रेक्टरहरू छन् ? (ख) के ती ट्रेक्टरहरूको पार्ट पुर्जा तेलहरू मगाउनमा भन्सार आदि सुविधा दिने तर्फ सरकारले कुनै विचार गरेको छ ?


मा० योगेन्द्रमान शेरचन्द - (क) यसको तथ्यांक छैन । (ख) यसबारे श्री ५ को सरकारले विचार राखी भंसार महसूल निर्धारित गरी २[illegible] श्रावण २५ गतेको प्रकाशित गरिसकेको छ ।

बाँके वर्दियाका किसानलाई ऋण

८५९. श्री राधा कृष्ण थारू (क्षेत्र नं० ६४ वर्दिया)ले मा० खा० कृ० तथा विकास मन्त्री संग :- के सरकारले खेतीको कामको निमित्त बाँके वर्दियाका किसानहरूलाई ऋण दिने विचार गरेको छ ? छ भने, कुन शर्तमा ?

मा० सहायक मन्त्री ~~योगेन्द्रमान शेरचन्द~~ - छ । सहकारी संस्थाहरू गठन गरी खोली सहकारी संस्थामार्फत दिइने छ ।

## परिशिष्ट- तेह्र



INDIAN POSTS AND TELEGRAPHS DEPARTMENT
X TC 6 NANPARA 29 23 SHRI SUBARNA SHAMSHER 25 CAMAC ST CA
DEMONSTRATIONS HELD AT BANKE YOGAGAON ETC IN 5 VILLAGES IN VARDIA
IN 6 VILLAGES = RADHAKISHNA

## सन्दर्भ समाग्री

अधिकारी (शास्त्री), हेम राज (२०५८). *आजको नेपाल.* काठमाडौं : श्रीमती चन्द्रकला अधिकारी ।

अधिकारी, सूर्यमणि (२०७१). *नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास.* नयाँ दिल्ली : निराला पब्लिकेशन्स् ।

कोइराला, विश्ववेश्वरप्रसाद (२०६७). *आत्मबृत्तान्त.* (संकलक गणेशराज शर्मा) ललितपुर : जगदम्बा प्रकाशन ।

गौतम, राजेश (२०७१). *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस.* (भाग ३). काठमाडौं : इला, शोभेन्द्र र निसिम ।

गोरखापत्र, (२०१५ फागुन १४ गते). बर्दियाको क्षेत्र नं ६४ मा श्रीराधाकृष्ण विजयी शीर्षकमा प्रथम पृष्ठमा प्रकाशित समाचार) ।

थारु, सोमप्रसाद, (राधाकृष्ण थारुका भतिजा सोमप्रसाद थारुले राधाकृष्ण थारुसँग मिति वि.सं.२०४२ साल फल्गुण १४ गते अन्तरर्वार्ता लिई डायरीमा उतार गरिएको तर प्रकाशन नगरिएको विवरणका आधारमा) ।

थारु, ठाकुरसिंह (२०७८ जेठ २६ गते). *रैतीका सारथी : राधाकृष्ण.* दस्तावेजडटकम, नेपालगञ्ज । https://dastabej.com/2021/5227/

नेपाल, जगत (२०७३). *पहिलो संसद-बीपी महेन्द्र टकराव.* काठमाडौं : सांग्रिला प्रकाशन ।

नेपाल पुकार साप्ताहिक, (२०१२ फागुन २३). *नेपाली कांग्रेस केन्द्रीय समितिको घोषणा* ८(३४). पृ. १. काठमाडौं : नेपाली कांग्रेस

पहुरा, (२०७७ मंसिर २५). *किसान नेता राधाकृष्ण थारु.* थारु राष्ट्रिय दैनिक अनलाइन संस्करण (सं.प्रेम चौधरी) : धनगढी https://pahura.com/2020/12/11188/

प्रतिनिधिसभा विवरण २०१६ साउन १४. प्रतिनिधिसभा प्रथम अधिवेशनको भर्वेटियम, २०१६ असार १६- असोज २१ ।

प्रतिनिधिसभा विवरण २०१६ भदौ ८. प्रतिनिधिसभा प्रथम अधिवेशनको भर्वेटियम, २०१६ असार १६- असोज २१ ।

प्रतिनिधिसभा विवरण २०१७ असार ४, प्रतिनिधिसभा द्वितीय अधिवेशनको संक्षिप्त विवरण, २०१६ चैत्र १८ - २०१७ अषाढ २१ ।

प्रतिनिधिसभा विवरण २०१७ असार ९, प्रतिनिधिसभा द्वितीय अधिवेशनको संक्षिप्त विवरण, २०१६ चैत्र १८ - २०१७ अषाढ २१ ।

प्रतिनिधिसभा विवरण २०१७ साउन २७, प्रतिनिधिसभा द्वितीय अधिवेशनको संक्षिप्त विवरण, २०१६ चैत्र १८ - २०१७ अषाढ २१ ।

प्रतिनिधिसभा विवरण २०१७ भदौ ११. प्रतिनिधिसभा द्वितीय अधिवेशनको संक्षिप्त रिर्पोट, २०१७ (वजेट सम्मिलित) २०१७ असाढ २३ - भाद्र ३१ (४) ।

प्रतिनिधिसभा विवरण २०१७ भदौ १७. प्रतिनिधिसभा द्वितीय अधिवेशनको संक्षिप्त रिर्पोट, २०१७ (वजेट सम्मिलित) २०१७ असाढ २३ - भाद्र ३१ (४) ।

प्रतिनिधिसभा विवरण २०१७ भदौ २२, प्रतिनिधिसभा द्वितीय अधिवेशनको संक्षिप्त रिर्पोट, २०१७ (वजेट सम्मिलित) २०१७ असाढ २३ - भाद्र ३१ (४) ।

बस्नेत, पुरुषोत्तम (२०६६). *नेपाली कांग्रेसको इतिहासको प्रारुप* (भाग १). काठमाडौं : पुरुषोत्तम बस्नेत ।

बस्नेत, पुरुषोत्तम (२०७३). *नेपाली कांग्रेसको इतिहासको प्रारुप.* (भाग २). काठमाडौं : जननायक बीपी कोइराला स्मृति ट्रष्ट ।

रेग्मी, अच्युतराज. (२०८० जेठ २४). अन्तर्वार्ता. रेग्मी, २०१५ को संसदमा नेपाली कांग्रेस संसदीय दलका सदस्य सचिव थिए ।

श्रेष्ठ, दिनेश प्रसाद (२०५२). *बर्दिया, जमीन्दारी, नेपाली कांग्रेस र जननेता राधाकृष्ण चौधरी.* बर्दिया : श्रीमती निलम श्रेष्ठ ।